का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ मंसिर २०८२
सोमबार
1 December 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रू. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २९१ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

## त्यो हराभरा काठमाडौं
# अहिले कृषि उत्पादन शून्य

■ सपना बोहरा/ मध्यान्ह

काठमाडौं महानगरपालिकाको कृषि तथा पशुपक्षी विभागका अनुसार महानगरमा कृषि उपजको खपत मात्रै छ, उत्पादन छैन । कौसी र करेसाबारीमा केही खेती भएका होलान् । त्यसको आँकडा ०.०००१ मा आउँछ । त्यसलाई खेती मानिँदैन ।

समाचार पृष्ठ २ मा



७० वर्षअघिको काठमाडौं उपत्यका । तस्बिर : टोनी हेगन

# एकताको ‘वार्मअप’मा वैकल्पिक शक्तिहरू

चुनाव हार्ने त्रास र मिल्दा सत्तामा पुग्न सकिने आसमा वैकल्पिक शक्तिको वकालत गरिरहेका एक हुन खोज्दै छन् । यसको नेतृत्व रास्वपाले लिन खोजिरहेको छ । यही उद्देश्यअन्तर्गत रास्वपा-विवेकशील एकता भएको हो ।



देशले एकपटक आदिवासी जनजातिलाई प्रधानमन्त्री देख्न चाहेको छ । सभापति रवि लामिछाने र प्रधानमन्त्रीमा कुलमान घिसिङ नेपाली माटोको आवश्यकता हो । यो सर्तमा मिलन हुन्छ र हुनुपर्छ ।

● यज्ञमणि न्यौपाने
नेता, रास्वपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टी एक भएका छन् । २१ फागुनमा तय भएको निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीतिक दल ध्रुवीकरण र एकताको प्रयासमा छन् ।

चुनावपछि वैकल्पिक शक्तिले मुलुकको नेतृत्व गर्नुपर्छ भन्नेहरूबीच एकता र सहकार्यको प्रयास भइरहेको छ । यही प्रयासअन्तर्गत रास्वपा र विवेकशील साझा पार्टी एक भएका हुन् ।

नेतृ रञ्जु दर्शनाका अनुसार राजनीतिक दलहरू फुट्न सक्छन् मिल्न गाह्रो छ भन्ने भाष्य छ । यो भाष्य पुराना दलहरूका हकमा हो र वैकल्पिक शक्तिहरू एक हुनुपर्छ भन्ने सन्दर्भमा मिल्न गाह्रो छैन




भन्ने सन्देश दिन विवेकशील साझाले निसर्त रास्वपासँग एकता गरेको हो ।

आइतबार काठमाडौंको राष्ट्रिय सभा गृहमा आयोजित एकता सभामा दुवै दलका नेता उपस्थित थिए । एकीकरणसम्बन्धी सहमतिपत्रमा रास्वपाबाट कार्यवाहक सभापति डोलप्रसाद अर्याल र उपसभापति स्वर्णिम वाग्लेले हस्ताक्षर गरे । विवेकशील साझाबाट अध्यक्ष समीक्षा बाँस्कोटा र उपाध्यक्ष प्रकाशचन्द्र परियारले हस्ताक्षर गरे ।

दुई पार्टीबीच रास्वपाको राजनीतिक सिद्धान्त र नेतृत्व निसर्त स्वीकार गर्ने र स्व. उज्वल थापा तथा विवेकशील अभियानको योगदानलाई आधिकारिक रूपमा दस्तावेजीकरण गर्दै मान्यता प्रदान गर्ने सहमति भएको छ ।

रास्वपा नेता यज्ञमणि न्यौपानेका अनुसार अब कुलमान घिसिङलगायतसँग »» पृष्ठ २ मा

## एमाले महाधिवेशन
# प्रतिनिधिमै कित्ताकाट

दुवै पक्षले पदाधिकारीको प्यानल घोषणा भने गरिसकेका छैनन् । ओली पक्षले टिम सार्वजनिक बनिसकेपछि पोखरेल टिम बनाउने योजनामा छन् । ओली समूहमा नअटेका नेताहरूलाई आफ्नो पक्षमा ल्याएर उम्मेदवार बनाउने पोखरेल पक्षको रणनीति देखिन्छ ।



मतदान प्रक्रियाबाट आएका अधिकांश प्रतिनिधि हाम्रा पक्षले जितेर आउनुभएको छ । तर हामीले जित्ने अधिकांश जिल्लामा ओली पक्षले सर्वसहमतिका नाममा कब्जा गर्नुभएको छ ।

■ उषाकिरण तिमल्सिना
केन्द्रीय सदस्य



एमालेमा आन्तरिक प्रतिस्पर्धा गर्न पाइन्छ । तर मुलुकको राजनीतिक स्थिति बिग्रिएको अवस्थामा प्रतिनिधि छनोटमा समेत प्यानलै बनेर प्रतिस्पर्धामा उत्रनुले पार्टीलाई फाइदा पुगेको छैन ।

■ विशाल भट्टराई
पोलिटब्युरो सदस्य




**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १४ मंसिर

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले खुला प्रतिस्पर्धालाई स्वीकार गरेर जाने बताइरहँदा महाधिवेशन प्रतिनिधि छनोटमा दुई समुहबीच तीव्र असमझदारी बढेको छ । आइतबार च्यासलस्थित पार्टी कार्यालयमा ११औं महाधिवेशनको लोगो सार्वजनिक गर्दै ओलीले प्रतिस्पर्धा गर्न सबैलाई छुट भएको बताए ।

‘सकेसम्म सहमतिकै साथ अघि बढ्नुपर्छ, सहमति नै गरौं,’ उनले भने, ‘तर प्रतिस्पर्धालाई हामी नराम्रो मान्दैनौं । प्रतिस्पर्धा गर्न सबैलाई छुट छ ।’ एमालेमा आन्तरिक लोकतन्त्र नै नभएको भनेर होच्याइएको उल्लेख गर्दै ओलीले प्रतिस्पर्धा गर्न चाहनेले प्रतिस्पर्धा राम्रोसँग गर्न पाउने बताएका छन् ।


ओलीले यसो भनिरहँदा महाधिवेशन प्रतिनिधि छनोटमा थुप्रै ठाउँमा दुई समूहबीच तनावको स्थिति सिर्जना भएको छ । नेताहरूबीच द्विपक्षीय तानातानले आपसी मतभेद बढाएको छ । मंसिर २७-२९ गते हुने महाधिवेशनका लागि आइतबारसम्म देशभरबाट महाधिवेशन प्रतिनिधि छनोटको काम सक्ने निर्वाचन तालिका भए पनि कतिपय जिल्लामा विवाद कायमै छ ।

अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्ष दुवैले प्रतिनिधि छनोटमा आफ्नो पकड दाबी गरेका छन् । तर प्रतिनिधिको सम्पूर्ण सूची नआउन्जेल कुन पक्षको पल्ला भारी छ छुट्याउन कठिन छ । पार्टीका जनवर्गीय संगठन, केन्द्रीय कमिटी र केन्द्रले मनोनयन गर्ने प्रतिनिधिमा भने अध्यक्ष ओली पक्ष हाबी छ ।

पोखरेल पक्षका नेताहरूले आफ्नो पक्षमा बलियो मत कायम भएर प्रतिनिधि आएको दाबी गरेका छन् । स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले मध्यान्हसँग भने, ‘अर्को पक्षका नेताहरूले भनेजस्तै भन्ने हो भने हामी ६० प्रतिशत र उनीहरू ४० प्रतिशतमा »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# एनआरएनए प्रवासमा रहेका नेपालीहरूका लागि बलियो अभिभावक बन्ने प्रतिबद्धता



**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ मंसिर

गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. बद्री केसीले एकीकृत संस्था वैदेशिक रोजगारीमा प्रवासमा रहेका नेपालीहरूका लागि बलियो अभिभावक बन्ने बताएका छन् ।

प्रधानमन्त्री सुशीला कार्कीको रोहबरमा आइतबार एकता घोषणापछि प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा एनआरएनएको एघारौं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित डा. केसीले ठुलो परिमाणमा रेमिट्यान्स पठाउने कामदारहरूले »» पृष्ठ २ मा

## १४ करोड ठगीमा अग्रवाल पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै १४ करोड बढी ठगी गरेको उजुरीका आधारमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले मकवानपुर हेटौंडा स्थायी घर भई हाल ललितपुर बस्दै आएका शम्भु दयाल अग्रवाललाई पक्राउ गरेको हो । एकै व्यक्तिविरुद्ध १४ करोड बढीको वैदेशिक रोजगार ठगीको उजुरी परेको हो । व्यक्तिगत ठगीको यो सम्भवत: ठुलो उजुरी हो । प्रहरीले बेरोजगार युवायुवतीलाई आकर्षक »» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
PRO - 5 (M/F)
Documentation Officer - 5 (M/F)
Qualification: More than 5 years of Experience in Manpower Field.
Hotline : 9823486681 | 9819779867
Send your CV at : hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy Services Pvt. Ltd. | Chakrapath, Kathmandu Tel: 01-4378842, 4378936

VACANCY ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
★ P.R.O. - 20 (M/F)
★ Coordinator - 2 (M/F)
★ Secretary - 2 (M/F)
तलब आपसी समझदारीमा तय गरिनेछ ।
कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ । इच्छुक व्यक्तिले आफ्नो बायोडाटा empowerhr1150@gmail.com मा इमेल गर्नुहोला ।
Empower Huntr HR Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal
Gov. Lic No. 1150/073/074
Phone No. 014560542, 4450541. Mob. No.: 9861789909

मध्यान्ह
www.madhyanhadaily.com
१५ मंसिर २०८२ सोमबार
1 December 2025 Monday

# काठमाडौं महानगरमा कृषि उत्पादन शून्य

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, १४ मंसिर

भीमसेनदास प्रधानको आँखामा काठमाडौंका हरियाली फाँटहरूको सम्झना अझै छ । मौसमअनुसार धान र गहुँ लहलहाएको दृश्य उनको स्मृतिमा ताजा भएपनि उनको भान्सामा रैथाने चामल पाक्न छाडेकै ३० वर्ष भयो । पहिले घरैपिच्छे हुने अन्नका भकारी देख्न मुस्किल भइसकेको छ । हेर्दाहेर्दै कहिले हरिया त कहिले सुनौला देखिने फाँट घरले भरिइसकेका छन् । 'हाम्रो आँखाअगाडि यो सबै भयो । ३० वर्षमा हरियो महानगर कंक्रिटले भरियो । अहिले त कृषि उत्पादन नै हरायो,' नेपाली कांग्रेसका नेता प्रधान मध्यान्हसँग भन्छन्, 'कुनैबेला आत्मनिर्भर उपत्यका अहिले परनिर्भर भइसकेको छ । सबै अन्नपात, सागसब्जी बाहिरबाट आउँछ ।'

उनको घरमै धान राख्ने चार/पाँचवटा भकारी थिए । आफ्नै करेसाबारीले तरकारी पुग्थ्यो । बसाइँसराइ र बढ्दो सहरीकरणले बर्सेनि खेतबारी खुम्चिँदै अन्ततः महानगर कृषि उत्पादन शून्य सहर बन्न पुगेको छ । महानगरको मलिलो माटोमा अन्नपात होइन, घडेरी र प्लटिङ फल्न थालेको छ । खाली जग्गा करिबकरिब सकिन थालेको छ । 'खेती र आवादी त परको कुरा, घर बनाउनसमेत राम्रो मापदण्ड बनाइएन । पानीका मुहान, खोला, पोखरी, कुलो मासिए,' प्रधान सुनाउँछन्, 'खेती हुने जमिनलाई घरघडेरीमा परिणत भए । अन्न होइन, महलहरू फल्न थाले ।'

प्रधानले भनेझैं काठमाडौं महानगर क्षेत्रमा अन्नबाली उत्पादन हुनै छाडेको वर्षौं भइसकेको छ । काठमाडौंको माटो धान, गहुँ, मकै, मसुरो, राजमा, गहत उत्पादनका लागि राम्रो मानिन्थ्यो । तर कंक्रिट जंगलमा रूपान्तरण भएपछि अन्नबाली उत्पादन शून्यमा झरेको हो । अघिअघिसम्म खाली जग्गामा केही खेती हुन्थ्यो । त्यसको रेकर्ड पनि महानगरसँग रहन्थ्यो । जिल्ला कृषि विकास कार्यालय पनि अस्तित्वमा थियो । तर मुलुक संघीयता



पहिले



अहिले

गएपछि महानगरमा कृषि प्रयोजनका लागि कुनै सिफारिस नै हुँदैन । काठमाडौं महानगरपालिकामा कृषि शाखा छ तर कृषि र कृषक उत्पादनसँग जोडिएको काम हुँदैन । 'महानगर वा वडामा कृषिसम्बन्धी कुनै काम नै आउँदैन । सिफारिस पनि हुँदैन,' काठमाडौं महानगरपालिका-१४ का वडाध्यक्ष सुमन श्रेष्ठले भने, 'यहाँ अन्नबाली लगाउन छोडेको वर्षौं बितिसक्यो ।'

काठमाडौं अन्न तथा तरकारीमा पूर्ण परनिर्भर भइसकेको उनी बताउँछन् । पछिल्लो समय कौसी बाली लगाउने चलन छ । केहीले तरकारी फलाएर त्यसबाट लाभ पनि लिएका छन् । तर नगरवासीको मागका हिसाबले त्यो १ प्रतिशतभन्दा निकै कम रहेको महानगर बताउँछ । सोही कारण काठमाडौं महानगरको कृषि शाखाको औपचारिक तथ्यांकमा कृषि उत्पादन शून्य राखिएको छ । महानगरसँग खपतको तथ्यांक पनि छैन । त्यस्तै, कालीमाटी तरकारी व्यवसायी समितिसँग पनि यकिन तथ्यांक पाइँदैन । काठमाडौं महानगरपालिकाको कृषि तथा पशुपक्षी विभाग



> हाम्रो आँखाअगाडि यो सबै भयो । ३० वर्षमा हरियो महानगर कंक्रिटले भरियो । अहिले त कृषि उत्पादन नै हरायो । कुनैबेला आत्मनिर्भर उपत्यका अहिले परनिर्भर भइसकेको छ । सबै अन्नपात, सागसब्जी बाहिरबाट आउँछ ।
>
> **■ भीमसेनदास प्रधान**
> **काठमाडौं**

प्रमुख नुरनिधि न्यौपाने भन्छन्, 'महानगरमा खपत मात्रै छ, उत्पादन छैन । कौसी र करेसाबारीमा केही खेती भएका होलान् । त्यसको आकडा ०.०००१ मा आउँछ । त्यसलाई खेती मानिँदैन ।'

स्थानीयका अनुसार, २०३० सालबाटै उपत्यकामा रैथाने बालीको उत्पादन घट्दै गएको हो । सहरीकरण बढ्दै गएपछि नै आँखा मिले, काले धान, चमल, घैयाधानजस्ता पुराना धानका जात हराउँदै गए । रैथाने मुला, मकै, गहतको उत्पादन पनि विस्तारै कम हुँदै गयो । महानगरसँग जोडिएका ग्रामीण भेगमा भने ती जातका बाली उत्पादन भइरहेकै थिए । २०४० सालपछि उपत्यकाको विकासले फरक मोड लियो । खेतीयोग्य जमिनमा तीव्र सहरीकरण र आवास निर्माण हुन थाले भने कृषियोग्य भूमि कंक्रिटले ढाकिँदै गयो । यस अवधिमै धेरैले व्यावसायिक रूपमा बाली लगाउन छाडिसकेका थिए । मलिला खेत प्लटिङ गरेर बेच्ने लहर चलिसकेको थियो । रैथाने जातको साटोमा उन्नत जातका हाइब्रिड धान र तरकारी खेतबारीमा भित्रिइँदा रैथाने जातको उत्पादन झन् घट्न थाल्यो । उपत्यकाको टोकल, जगाती, चाँगुनारायण, बलकोट, हरिसिद्धि, सुन्दरीजल, फर्पिङजस्ता क्षेत्रहरूमा मात्र केही स्थानीय किसानले थोरै मात्रामा रैथाने बालीलाई जोगाएका थिए । तर त्यो पनि धेरै समयसम्म टिक्न सकेन । कृषक गणेश बानियाँ सरकारको ध्यान व्यावसायिक कृषिभन्दा सहरी विकासतिर बढेलगत्तै कृषि उत्पादन ओरालो लागेको बताउँछन् । 'सहरीकरणका बीचमा कृषि उत्पादन र खेतीयोग्य जमिन जोगाउनेतर्फ सरकारको ध्यानै गएन,' उनी भन्छन् । महानगरभित्रै व्यावसायिक कृषि गर्दै आएका बानियाँ र उनका साथीहरू गोदावरीतर्फ सरे । महानगरमा खेतीयोग्य जमिन नै नभएपछि ग्रामीण भेग खोज्दै कषि गर्न थालेको पनि दशक बढी भइसकेको उनी बताउँछन् ।

५० को दशकमा आउँदा काठमाडौं उपत्यकाका अधिकांश भूभाग पूर्णतः सहरका रूपमा परिणत भइसकेको थियो । रहरलाग्दा खेतमा अन्न फल्न निकै कम भइसकेको थियो । ६० को दशकपछि त व्यावसायिक उत्पादन पूर्णरूपमा बन्द भयो । घरसँगैका केही भाग करेसाबारीमा सागसब्जी उत्पादन गर्नेबाहेक काठमाडौंवासीले मेहनती किसानको परिचय गुमाइसकेका थिए ।

महानगरमा खेतीयोग्य जमिन नै बाँकी नरहेको काठमाडौं महानगरपालिकाको कृषि तथा पशुपक्षी विभाग प्रमुख न्यौपाने बताउँछन् । 'माटोको उर्वराशक्ति नै नबचेको मूल्यांकन भइसकेको छ । त्यस हिसाबले पनि काठमाडौंमा कृषि उत्पादन शून्य भएको छ,' उनले भने ।

महानगरमा अन्नबाली उत्पादन छोडिनु/घटनुका मुख्य कारण सामाजिक, आर्थिक र भौतिक परिवर्तनसँग जोडिएको न्यौपाने बताउँछन् । तीव्र सहरीकरण, पानीको समस्या र उपत्यकामा वरपरका काभ्रे, धादिङ र नुवाकोट, तराई-मधेस तथा भारतबाट सजिलै तरकारी र कृषिजन्य उत्पादन आउने गरेको महानगरको अध्ययनले देखाउँछ । उपत्यकाबाहिरबाट सस्तोमा अन्नपात र तरकारी आउन थालेपछि सुरुमा स्थानीय उत्पादनले बजार पाउन छाड्यो, पछि सहरीकरणले ढपक्कै ढाकेका कारण उत्पादन शून्यमा झरेको न्यौपानेको बुझाइ छ ।

## एकताको...

एकताको प्रयास हुनेछ । 'यो देशले एकपटक आदिवासी जनजातिको छोरोलाई प्रधानमन्त्री देख्न चाहेको छ । सभापति रवि लामिछाने र प्रधानमन्त्रीमा कुलमान घिसिङ आज नेपाली माटोको आवश्यकता हो । यो सर्तमा मिलन हुन्छ, हुन्छ, हुन्छ र हुनुपर्छ' न्यौपानेले सामाजिक सञ्जालमा लेखेका छन्, 'यो विषयमा तगारो बन्ने काम कसैले नगरोस् । यति कुरा हामीले मिलाएरै छोड्छौं ।'

सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ र भौतिक पूर्वाधार तथा यातायातमन्त्री घिसिङले आफ्नै समर्थनमा पार्टी गठन गरेका छन् । उनी समर्थित पार्टीलाई समेत एकतामा ल्याउने रास्वपाको प्रयास जारी छ ।

चुनाव लड्न चाहने दलको संख्या १ सय २० पुगिसकेको छ । जेनजी आन्दोलनपछि गठन भएका २५ वटा नयाँ छन् जो चुनावी मैदानमा छन् । धेरै दल हुँदा मत छरिने र फेरि पनि पुरानै राजनीतिक शक्तिले चुनाव जित्न सक्ने त्रासमा वैकल्पिक शक्ति छन् । चुनाव हार्ने त्रास र मिल्दा सत्तामा पुग्न सकिने आसमा वैकल्पिक शक्तिको वकालत गरिरहेका एक हुन खोज्दै छन् । यसको नेतृत्व रास्वपाले लिन खोजिरहेको छ । यही उद्देश्यअन्तर्गत रास्वपा-विवेकशील एकता भएको हो ।

नेताहरूका अनुसार दल दर्ता गरिसके तापनि सहकार्य वा गठबन्धन गर्ने वा एउटा कुनै दलको निर्वाचन चिह्नमा चुनाव लडेर वैकल्पिक शक्तिलाई एकीकृत गर्ने अभियान छ ।

## प्रतिनिधिमै...

छन् । अध्यक्षका लागि पनि हामी अगाडि नै छौं । मूल नेतृत्वबाहेकका अधिकांश पदहरूमा हामी करिब ६० प्रतिशतले अगाडि हुने आँकलन गरेका छौं ।'

तर दुवै पक्षले पदाधिकारीको प्यानल घोषणा भने गरिसकेका छैनन् । ओली पक्षले टिम सार्वजनिक बनिसकेपछि पोखरेलले टिम बनाउने योजनामा रहेको उनको भनाइ छ । ओली समूहमा नअटेका नेताहरूलाई आफ्नो पक्षमा ल्याएर उम्मेदवार बनाउने पोखरेल पक्षको रणनीति रहेको देखिन्छ । नेतृत्व चयनका लागि ओली र पोखरेल पक्षबीच प्रतिस्पर्धा हुने निश्चित भएसँगै प्रतिनिधि चयनमा प्यानल बनाएरै प्रतिस्पर्धा भएको छ ।

कतिपय जिल्लामा मतदानको प्रक्रियाबाट प्रतिनिधि चयन भए पनि धेरैजसोमा सर्वसम्मत गरिएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । उनले भने, 'धेरैजसो जिल्लामा सर्वसहमतिमा प्रतिनिधि छनोट भएका छन् । सोमबारसम्म सबैजसो जिल्लाको विवरण आइसक्छ ।'

तर संस्थापनइतर समूहका नेताहरूले सर्वसहमतिका नाममा प्रतिनिधि कब्जा गर्ने काम भएको भन्दै असन्तुष्टि जनाएका छन् । 'अध्यक्ष ओली पक्षले सर्वसम्मत गर्ने नाममा प्रतिनिधि कब्जा गर्ने काम गरेका छन्,' केन्द्रीय सदस्य उषाकिरण तिमल्सिनाले भनिन्, 'मतदानको प्रक्रियाबाट आएका अधिकांश जिल्लाबाट ईश्वर पोखरेल पक्षका साथीहरूले जितेर आउनुभएको छ । तर हामीले जित्ने अधिकांश जिल्लाहरूमा ओलीपक्षले सर्वसहमतिका नाममा कब्जा गर्नुभएको छ । त्यस विषयमा शीर्ष तहमा छलफल हुनुपर्छ ।' पोखरा, चितवन, बर्दिया र तराईका अधिकांश जिल्लामा ओली पक्षले चुनाव हुनै नदिएको उनको आरोप छ ।

ओखलढुंगा र धनकुटामा तनावको स्थिति सिर्जना भएको छ । यी दुवै जिल्लामा संस्थापनइतर पक्षको वर्चस्व छ । सो समूहका अधिकांश प्रतिनिधि निर्वाचित भएको सूची सार्वजनिक गरिसकेका छन् । तर संस्थापन पक्षले बहिष्कार गरेको भन्दै उजुरी दिएका छन् । त्यस्तै, मोरङमा ओली र पोखरेल समूहबीच हात हालाहालको स्थिति बनेको छ । ओली पक्षका परशुराम बस्नेत र पोखरेलनिकट विनोद ढकालको समूहका नेता तथा कार्यकर्ताबीच तनाव भएको नेताहरूले बताए । बस्नेतमाथि हातपातसमेत भएको छ । संस्थापन पक्षले 'पटकपटक एउटै व्यक्ति मतदानका लागि गएको' भन्दै संस्थापनइतर समूहका नेताहरूले विरोध गरेका हुन् । महाधिवेशनको मिति नजिकिँदै जाँदा नेतासमेत आ-आफ्नो टिम बनाउन नेता तानातानको लबिमा लागेका छन् ।

प्रतिनिधि छनोटमा मात्र नभई एमालेको केन्द्रीय समितिका नेताहरूमाथि समेत एकअर्काप्रति वैरभाव देखिएको छ । आइतबार च्यासलस्थित पार्टी कार्यालयमा अध्यक्ष ओलीलाई भेट्न गएका नेता कर्ण थापामाथि दुर्व्यवहार भएको भिडियो सार्वजनिक भएको छ । सो घटनामा ओलीको सुरक्षार्थ खटिएका व्यक्तिहरूले अभद्र व्यवहार गरेको थापाले टिप्पणी गरेका छन् । ओली-पोखरेल पक्षका नेताबीच महाधिवेशनकै विषयलाई लिएर असमझदारी चुलिँदै जाँदा पार्टी अध्यक्ष ओलीले भने प्रतिस्पर्धालाई खुला राखेको बताएका छन् । 'एमालेमा मतदान गर्न नदिएर, मतदान नै नभएर सर्वसम्मतिले गर्नुपर्छ भन्ने नाउँमा कसैलाई अघि बढ्नै नदिएर रोक्ने काम हुँदै होइन,' उनले भनेका छन्, 'प्रतिस्पर्धा खुला हुन्छ, प्रतिस्पर्धा गर्न चाहनेले प्रतिस्पर्धा राम्रोसँग गर्न पाउँछ ।'

भूगोलबाट प्रतिनिधि छनोटमा मारामारको अवस्था भइरहँदा आइतबार अध्यक्षका दुवै आकांक्षी ओली र पोखरेल एकै मञ्चमा उपस्थित थिए । महाधिवेशन लोगो सार्वजनिक गर्दा दुई नेताबीच संवाद भएको देखिएन । कार्यक्रम सकिएपछि ओलीले तानेरै सामूहित तस्बिर खिचाएबाहेक नेताहरूबीच हार्दिकता नदेखिएको हो । शीर्ष नेताबीच प्रस्ट दुई कित्ता देखिएपछि प्रतिनिधि छनोटमा त्यसको असर देखिएको एमाले पोलिटब्युरो सदस्य विशाल भट्टराईले बताए । एउटा लोकतान्त्रिक पार्टीमा प्रतिस्पर्धालाई सहज स्विकार्ने कुरा अध्यक्षले नै भनिसकेको उल्लेख गर्दै उनले भने, 'एमालेमा आन्तरिक प्रतिस्पर्धा गर्न पाइन्छ । तर मुलुकको राजनीतिक स्थिति बिग्रिएको अवस्थामा सबै मिलेर सर्वसहमतिमा जानु नै पार्टी हितमा हुन्छ भन्ने हो । प्रतिनिधि छनोटमा समेत प्यानलै बनेकाले अलि असहजजस्तो देखिएको छ । सायद महाधिवेशनका दिनसम्म हामी सर्वसहमतिकै प्रयासलाई जोड दिन्छौं ।'

एमालेले सार्वजनिक गरेको लोगोमा 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य' नारा दिइएको छ । लोगोमा नेपालको राष्ट्रिय झन्डासहित धरहरा, रन्जना लिपि, सूर्यभित्र हँसिया हथौडा र भक्तपुरको न्यातापोत चित्र अंकित छ । अध्यक्ष ओलीले लोगो सार्वजनिक गर्दै पार्टीमा एकताबद्ध भएर जाने सन्देश दिन खोजेका छन् । 'एकअर्काप्रति खुइलाउने, होच्याउनेजस्ता काम नगरौं । सम्मानपूर्वक ढंगले चल्ने कामको स्थापना गरौं । अस्वस्थ खालको कुनै प्रतिस्पर्धा नगरौं,' ओलीले भने ।

एमाले महाधिवेशनका लागि कुल २ हजार १ सय २७ प्रतिनिधि छनोट हुनेछन् । पार्टी सदस्यताको संख्या अनुपातमा विभिन्न क्षेत्र छुट्याएर प्रतिनिधि चयनको मापदण्ड बनाएको छ । केन्द्रीय निकायबाट ४ सय ६४ प्रतिनिधि (केन्द्रीय कमिटी, आयोग र सल्लाहकार परिषद्बाट), प्रदेशस्तरीय कमिटीबाट कम्तीमा दुई महिलासहित पाँचका दरले ४५ प्रतिनिधि सहभागी हुनेछन् । सबैभन्दा बढी प्रतिनिधि १ सय ६५ संघीय निर्वाचन क्षेत्रबाट समावेशिताको सिद्धान्तअनुसार १ हजार १ सय ३५ जना हुनेछन् । हरेक निर्वाचन क्षेत्रमा रहेका १ हजार २ सय पार्टी सदस्यबराबर ४० वर्षमुनिका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने व्यवस्था गरिएको छ ।

## एनआरएनए...

व्यक्तिगत रूपमा आफ्नो हकहितको आवाज उठाउन नसक्ने भन्दै उनीहरूले गैरआवासीय नेपाली संघमार्फत आफ्नो आवाजलाई मुखरित गर्न सक्ने बताए ।

अध्यक्ष केसीले गैरआवासीय नेपालीहरूको एकताले अन्य क्षेत्रमा जस्तै रोजगारीका लागि विदेशमा रहेका श्रमिकले बलियो छहारी पाएको बताए । नेपालबाट विशेषगरी खाडी मुलुक र मलेसियालगायतका देशमा जानेमध्ये करिब ९५ प्रतिशत वैदेशिक रोजगारीमा नै गएकाहरू रहेका छन् ।

अध्यक्ष केसीले हाल ८० लाख नेपाली विदेशमा रहेको बताए । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो, प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु नै आजको माग भएको भन्दै उनले गैरआवासीय नेपालीहरूको एकताले त्यसमा थप जोड दिने बताए ।

विदेशमा समस्यामा परेका नेपालीहरूको अभिभावकत्वको जिम्मेवारी संघका राष्ट्रिय सम्वन्य समितिहरूले लिइरहेको भन्दै उनले विदेशमा अलपत्र परेका नेपालीहरूको उद्धार र सहयोगमा संघले प्रभावकारी काम गर्ने बताए ।

कोभिड-१९ को महामारी पछि गैरआवासीय नेपाली संघ, विदेशस्थित नेपाली सरकारी निकायबीचको सहकार्यमा करिब २ लाख नेपालीको उद्धार गरिएको थियो । अध्यक्ष केसीले गैरआवासीय नेपाली संघले विदेशमा रहेका नेपालीका संस्थालाई पनि एकताबद्ध गरेर अभिभावकत्व प्रदान गरेको बताए ।

एनआरएनए एकता महाधिवेशनबाट निर्वाचित अध्यक्ष महेश श्रेष्ठले आगामी दिनमा नेपाल सरकार र गैरआवासीय नेपाली संघको सहकार्यलाई अझ सशक्त बनाएर वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई सहयोग गर्ने बताए ।

उनले वैदेशिक रोजगारमा रहेका प्रत्येक कामदारलाई मासिक १० हजार रुपैयाँ लगानी गरेर दीर्घकालीन लाभ लिन सक्ने योजना अघि बढाउनुपर्ने बताए । आगामी निर्वाचनपछिको सरकारले वैधानिकता पाउन पनि विदेशमा रहेका श्रमिक र अन्य पेशामा रहेका नेपालीलाई मतदानको अवसर दिन आवश्यक रहेको उनले बताए ।

उनले भने, '८० लाख नेपालीलाई मतदानको अधिकारबाट बञ्चित गरेर हुने निर्वाचन र त्यसपछि बन्ने सरकारले वैधानिकताको संकटको सामना गर्नुपर्ने हुनसक्छ । त्यसैले दक्षिण अफ्रिकी मुलुक र ब्राजिलले गरेजस्तो आई भोटिङको प्रबन्ध गर्नुपर्छ । त्यसका लागि सहयोग गर्न गैरआवासीय नेपाली तयार छौं ।'

## १४ करोड...

तलबको प्रलोभनमा पारी रोजगारीका लागि विभिन्न देशमा लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाई सम्पर्कविहीन भएका ५२ वर्षीय अग्रवाललाई ललितपुरबाट पक्राउ गरिएको बताएको छ ।

उनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

# नार्कका ६ वैज्ञानिकसहित ११ कर्मचारी सम्पर्कविहीन

**काठमाडौं / मस–** अध्ययन बिदादेखि फिर्ता नआएका नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का ११ कर्मचारीलाई सात दिनभित्र हाजिर हुन परिषद्ले सार्वजनिक सूचना जारी गरेको छ । तीमध्ये ६ जना कृषि वैज्ञानिक छन् ।

अध्ययन बिदा सकिएपछि कार्यस्थलमा अनिवार्य रूपमा फर्किने सर्तसहित कबुलियतनामा गराइएको भएपनि उनीहरू लामो समयदेखि कार्यालयसँग सम्पर्कविहीन रहँदै आएका हुन् । नार्कका अनुसार सम्पर्कमा नआएका अधिकांश विदेशिएका छन् ।





सम्पर्कविहिनमध्ये वैज्ञानिक अच्युत मिश्र, नविन कुमार दंगाल, होमन रेग्मी, संजिव गौतम, देवराज चालिसे, प्रतिष्ठा अधिकारी, दिनेश बाबु थापामगर रहेका छन् । त्यस्तै, डा. सुमन कार्की, उज्ज्वल सुवेदी, अतित पराजुली र अस्मिता श्रेष्ठ पनि कार्यालय नफर्केका कर्मचारीको सूचीमा परेका छन् ।

परिषद्ले सार्वजनिक सूचनामा उनीहरूलाई सात दिनभित्र स्पष्टीकरणसहित हाजिर हुन निर्देशन दिँदै 'कर्मचारी प्रशासन विनियम २०४९ को विनियम ४० (२)(क) बमोजिम नोकरी टुटेको सम्झी सेवाबाट किन अलग नगर्ने ?'भनी सोधेको छ ।

सात दिनभित्र हाजिर नभएमा विनियमअनुसार बर्खास्तीसहितका अगाडि बढ्ने कारबाही प्रक्रिया सुरु हुने नार्कले जनाएको छ ।

# बिचौलियाको काम गर्ने तीन जना पक्राउ

**काठमाडौं / मस–** राहदानी बनाई दिने भन्दै बिचौलियाको काम गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बझाङको बित्थडचिर गाउँपालिका-६ घर भई हाल काठमाडौं कीर्तिपुर बस्ने १९ वर्षीय हेमन्तसिंह ओखेडा, काठमाडौं महानगरपालिका-१८ बस्ने ४५ वर्षीय मनराज श्रेष्ठ तथा प्यूठानको प्यूठान नगरपालिका बस्ने ३० वर्षीय दीपेश केएम रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए । राहदानी विभाग त्रिपुरेश्वरको मूलगेटबाहिर सेवाग्राहीलाई राहदानी छिटोछरितो बनाइदिने भन्दै विभिन्न प्रलोभन देखाई अतिरिक्त रकम लिई दुःख हैरानी दिने तथा राहदानी विभागका कर्मचारीको कामकारबाहीमा अवरोध पुऱ्याउने कार्य गरेको पाइएकाले तीनै जनालाई पक्राउ गरिएको प्रवक्ता आचार्यले बताए ।

ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE & Qatar !!
शून्य लागत अन्तर्गत युएई र कतारमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनी: KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C. — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०३ — चलानी नं.: ६०२१३१३० — LT. No.:297771 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner/sweepers (General) | 10 | 20 | | 1000 | ३८,८९० | | | | | | | |
| 3. | Room Boys | 20 | 0 | | 1200 | ४६,६६८ | | | | | | | |
| 4. | Office Boy/clerk | 10 | 0 | | 1000 | ३८,८९० | | | | | | | |

अन्तर्वार्ता सिदार्थ कटेज मिलन चोक रुपन्देहीमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।

कम्पनी: TEYSEER SERVICES COMPANY — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/११ — चलानी नं.: ६०२४१७६२ — LT. No.: 327935 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 6 | 1 | सम्बन्धित काममा दक्ष | 1400 | ५४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 5 | 2 | | 1000 | ३९,२०० | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 1500 | ५८,८०० | | | | | | | |

अन्तर्वार्ता सिदार्थ होटल भरतपुर न्यूरोडमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | कामदारले | रु. ७०० रोजगारदाताले | कामदारले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर भ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

साउदीमा रोजगार
कम्पनी : NIGHT CUP CAFE — शहर : SAUDI ARABIA,JEDDAH
पूर्व स्वीकृत मिति: २०८२/०८/१४ — चलानी नं.: ६०२४७९८० — LT. No.: 334466

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Service Agent | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PASHUPATI HR SOLUTION PVT.LTD
Gov. Lic No. 1400/074/075
Gaushala, Pinglasthan-09, Kathmandu, Tel No: +977-1-4110300, 4110479
Email: pashupatihr17@gmail.com, Web: www.pashupatihr.com.np

# १४ बुँदे माग कार्यान्वयन गर्न प्रधानमन्त्रीलाई आग्रह



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले 'जेनजी' प्रदर्शनका क्रममा सहादत प्राप्त शहीदका परिवारसँग छलफल गरेका छन् ।

आइतबार सिंहदरबारमा शहीद परिवारका तर्फबाट आएको प्रतिनिधिमण्डलसँग भएको छलफलका क्रममा सरकारले प्रदर्शनको 'म्यान्डेट'अनुरुप गरेका कामका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

शहीद परिवारका भोजविक्रम थापाको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले चुनावको मात्र कुरा नगरी भ्रष्टाचारविरुद्धको कारबाही र आन्दोलनमा दमन गर्नेहरूलाई तत्काल पक्राउ गर्नुपर्ने धारणा पनि राखेको थियो । यस्तै, यसअघि सरकारसमक्ष राखेका १४ बुँदे माग तत्काल कार्यान्वयन हुनुपर्ने र पुनः आन्दोलनमा जान सक्ने अवस्था आउन नदिने बारे पनि सचेत गराइएको जनाइको छ ।

प्रधानमन्त्री कार्की र मन्त्री गुप्ताले आन्दोलनको म्यान्डेट र शहीद परिवारका मागप्रति सरकार गम्भीर र इमानदार रहेको बताए । छलफलमा युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, नेपाल सरकारका मुख्य सचिव सुमनराज अर्यालगायतको उपस्थिति रहेको थियो ।

# जीवनरक्षार्थ प्राथमिक उपचार तालिम



**ललितपुर/मस–** ह्याप्सा नेपाल, भाष्कर-तेजश्री स्मृति प्रतिष्ठान, श्री नन्दकिशोर प्रतिभा प्रतिष्ठान र महालक्ष्मी नगरपालिकाको संयुक्त आयोजनामा 'ह्यान्ड्स-ओनली सिपिआर तथा चोकिङ प्राथमिक उपचार'सम्बन्धी एकदिने तालिम सम्पन्न भएको छ ।

उद्घाटन सत्रमा महालक्ष्मी नगरकी उपप्रमुख लक्ष्मी महर्जनले जीवनरक्षा तालिमलाई प्रत्येक टोल र विद्यालयसम्म पुर्‍याउन आउँदो हिउँदे अधिवेशनमै आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

उनले भनिन्,'हाम्रा नागरिकको जीवनरक्षा हाम्रो पहिलो प्राथमिकता हो, त्यसका लागि आवश्यक बजेट छुट्याउन म व्यक्तिगत रूपमा पहल गर्छु ।'

महालक्ष्मी नगरपालिकाका शिक्षा निर्देशक चिरञ्जीवी पौडेलले 'समन्वय, सहकार्य र सहअस्तित्व'को भावना भित्र यस्ता जीवनरक्षा तालिमहरूलाई नगरभरि विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए ।

भाष्कर-तेजश्री स्मृति प्रतिष्ठानकी संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक प्रा. डा. रिता थापाले चार संस्थाको ऐतिहासिक सहकार्यको प्रशंसा गर्दै सिपिआर र चोकिङ प्राथमिक उपचार दुवै समुदायका लागि अत्यन्त आवश्यक जीवनरक्षा सीप भएको बताइन् ।

श्री नन्दकिशोर प्रतिभा प्रतिष्ठानका अध्यक्ष नन्दकिशोर श्रेष्ठले आपतकालीन अवस्थामा समुदायका व्यक्तिहरु नै पहिलो प्रतिक्रियाकर्ता हुने भएकाले यस्ता तालिम सर्वसाधारणसम्म पुर्‍याउन जरुरी रहेको उल्लेख गरे । ह्याप्सा नेपालका अध्यक्ष पंकज भट्टराईले संस्थाले हालसम्म गरेका उपलब्धी तथा जीवनरक्षा तालिमको महत्वबारे जानकारी दिए ।

# आगलागीबाट ५० लाखको क्षति

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १४ मंसिर

उदयपुरमा एक घरमा आगलागी हुँदा ५० लाख बराबरको क्षति भएको छ । त्रियुगा नगरपालिका-१० बोक्सेस्थित कृष्ण पौडेलको घरमा आगलागी भएको हो । आगलागीबाट घरको तल्लो तलामा रहेको द हिमालयन डल एकेडेमीका विभिन्न भौतिक तथा शैक्षिक सामग्रीहरू जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

प्रहरीका अनुसार ५० लाख बराबरको क्षति भएको छ । स्थानीयबासी, प्रहरी, सेना, सशस्त्र प्रहरी बल र दुईवटा दमकलको सहयोगमा आगो नियन्त्रण आएको छ । आगलागीबाट मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

## Bhokraha Narsingh Rural Municipality
## Office of the Rural Municipal Executive
**Chirauli, Sunsari**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Invitation for Bids No: BNRM/CS/NCB/WORKS/ROAD/DRAINAGE-05/082/083**
**Date of publication: 2025/DEC/01**

1. Bhokraha Narsingh Rural Muncipality Chirauli, Sunsari, Koshi Provience invites electronic bids from Nepalese eligible bidders for the construction of Chirauli chauk dekhi Prakashpur nahar samma sichai sahit ko nala nirman(suksena sakha nahar dekhi musari tole hudai chirauli Prakashpur jane bato ma nala niman) ra Mahendra Rajmarga dekhi utar Bhokraha Narasingh Gaunpalika ward number-4,1,2, number ward karyalaya aagadi hudai akaha bazzar bata prakashpur chirauli sadak jodne sadak nala sahit kalopatre nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 17344545.76 ( with Vat And Ps )
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download from PPMO website www.bolpatra.gov.np/egpthe and the office by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of Nrs 3000.00 submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bid. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : Laxmi Sunrise Bank Name of Office : Bhokraha Narsingh Rural municipality, Sunsari. Office Code no 80114505300 Account no.: 07903000034
Rajaswa (revenue) Shirshak no. :14229
4. Pre-bid meeting shall be held at Bhokraha Narsingh Rural Municipality, Sunsari at 2025 Dec-20 at 13:00
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before 12:00 on 2025 Dec 31. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2025 Dec 31 at the office of Bhokraha Narsingh Rural Municipality, Sunsari. Bids must be valid for a period of 90days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to Nrs 446000.00, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidder should declare for not working in more than five ongoing contracts in current fiscal year.
9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through E- GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
## जिल्ला अस्पताल संखुवासभा
**कोशी प्रदेश, संखुवासभा, नेपाल**

### रासन ठेक्का सम्बन्धि सुचना (ठेक्का नं.:- जि.अ./रा./०१/०८२।८३)

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/१५)**

यस जिल्ला अस्पतालको ५० शैयाको बिरामीको लागी आर्थिक बर्ष २०८२/०८३ मिति २०८२ साल माघ १ गते देखि २०८३ साल पौष मसान्तसम्म १ (एक) वर्षको लागि राशन (सिदा) खुवाउने ठेक्कापट्टाद्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा आपूर्तिकर्ताले शर्तहरुको अधिनमा रही राशन सिदा आपूर्ति गर्न बोलपत्र दर्ता गराउन सकिनेछ । दस्तुर रु ३,०००।०० (फिर्ता नहुने गरी) राजस्व शिर्षक **अन्या प्रशासनिक सेवा सुल्क** (१४,२२९) मा जम्मा गर्नुपर्ने छ ।
बोलपत्र फारम बुझाउनु पर्ने अन्तिम मिति : यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र सो दिन बिदा परेमा कार्यालय खुलेको दिन ।

**थप जानकारीका लागि**
**जिल्ला अस्पताल खाँदबारी संखुवासभा**
**सम्पर्क नं. ०२९-५६२१८७**


**WE ARE HIRING !!!**

One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.



SALARY + COMMISSION

- General Manager : 1 Male/Female
- Public Relation Officer : 5 Male/Female
- Documentation : 2 Male/Female
- Receptionist : 2 Female

**NOTE:**
- Applicants must have 3 years experience in their related field

SECURE NEPAL JOB PLACEMENT PVT . LTD. श्रम इजाजत नं.: १६४८/०८०/०८१
Sinamangal 9 tarahallchok, Contact : 9802399863, 9851014874, 01-5919873-5917974, Email : jobplacementsecurenepal@gmail.com


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **रोयल इन्टरनेशनल ओभरसिज प्रा.लि.** इजाजत पत्र न. १०३४/०७२/०७३ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | देवेन्द्र खड्का | २८७०४/११२८११ | डकुमेन्ट कन्ट्रोलर |
| २. | कमल आर्याल | ८५८/०३४ | म्यानेजर |

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
Tel: 4985294, 4985295, 9801255512
Email: info.royal1034@Gmail.com

## Vacancy Announcement
*1st December 2025 (15th Mangsir 2082)*

Sankhuwa Khola Hydro Pvt. Ltd is seeking a highly qualified and experienced professional for the following position:

**Position: Project/Managing Director - Specialization in Geotechnical & Infrastructure Projects**

**Required Qualifications & Experience:**
- Postgraduate Degree in Geotechnical Engineering
- Bachelor's Degree in Civil Engineering
- Minimum 15+ years of relevant professional experience
- Proven leadership in infrastructure project management
- Strong knowledge of FIDIC contract conditions
- Expertise in technical design,Financial mangement and can handle overall infrastructure projects.
- Preference given to those with prior experience as Project Director or similar senior roles.

**Key Responsibilities:**
- Lead civil Engineering Projects with specialization in geotechnical aspects.
- Oversee planning, design & implementation of infrastructure projects
- Ensure compliance with engineering standards & FIDIC
- Lead multidisciplinary teams & coordinate stakeholders
- Contribute to long-term organizational strategy and technical growth (This position is for site based roles.)

**How to Apply:**
Interested candidates are encouraged to submit:
- Updated CV
- Cover Letter
- Academic Certificates & Experience Documents

Send applications to **sankhuwahydro@gmail.com.**
Contact number: 9852025496
Deadline: within 7 days from the publication date.

## त्रिवेणी नगरपालिका
## Triveni Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
**तोली, बाजुरा, सुदुरपश्चिम प्रदेश, नेपाल**
**Toli, Bajura (SudurpashimProvince, Nepal)**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/१५**

मिति २०८२/०६/१० गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना सम्बन्धी सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1. | TM/NCB/G/01/2082-83 | Procurement & Transportation of Medicine at Triveni Municipality | Glolobe Drugrs Suppliers Dhangadhi-Kailali | 893292.43/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## यूएईमा रोजगार

कम्पनी: **MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८२/०३/११ चलानी नं.: ६०२४०१३२ **LT. No.: 326176** पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 30 | 0 | स. काममा दक्ष | 1000 | ३८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | रु. २३०८ कामदारले | रोजगारदाताले | | | | |

**EMPIRE INTERNATIONAL PVT. LTD.** Gov Lic No: 095/063/064
Shantinagar, Kathmandu. Tel No: +977 1 4621348. Email: hr@empirenepal.com
Website: empirenepal.com

## राहदानी हरायो

मिति २०८१/०२/२२ गते नयाँ बानेश्वरबाट तीनकुने जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने व्यक्तिले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नामः सन्जय कुमार यादव**
**राहदानी नंः PA२८८८५९४**
**ठेगानाः धनुषा**
**सम्पर्क नंः ९८१४०३३५४१**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

### दावी विरोध सम्बन्धी सूचना

**प्रकाशित मितिः– २०८२/०८/१५**

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **SUPPORT HUMAN RESOURCES PVT. LTD.** (इ.प.नं. ६६१/०६३/०६४) को साविकको ठेगाना **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०९** परिवर्तन गरी **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१५ मंसिर २०८२ सोमबार
1 December 2025 Monday

## सम्पादकीय

# घोषणामा होइन, नतिजामा बालश्रम अन्त्य होस्

नेपालले २०८२ सम्म देशलाई बालश्रममुक्त बनाउने घोषणा गरिसकेको छ । तर आजसम्म ७ सय ५३ स्थानीय तहमध्ये २७ पालिका मात्र बालश्रममुक्त हुनुले घोषणा पूरा नहुने प्रस्ट भइसकेको छ । बालश्रम निवारणबारे तीनवटै तहका सरकारका प्रतिबद्धतामा कुनै कमी छैन । व्यवहारमा भने लागू नहुँदा अहिले पनि हजारौं बालबालिका श्रम गर्न बाध्य छन् । तथ्यांकीय रूपमा केही सुधार देखिन्छ । २०७१ को सर्वेक्षणले ५-१७ वर्ष उमेर समूहका ३७ दशमलव ४ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखाएको थियो । हाल यो संख्या घटेर १५ दशमलव ३ प्रतिशत छ । एक दशकमा आधाभन्दा धेरै बालश्रम घट्नु उत्साहजनक सुधार मान्न सकिएला तर जोखिमपूर्ण श्रम, साइबर अपराध र यौन शोषणमा पर्ने बालबालिकाको बढ्दो संख्याले त्यो सफलता ओझेलमा पारिदिएको छ । नेपालको संविधानदेखि २०७५ को बालबालिका ऐन र संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिसम्मका प्रतिबद्धता व्यवहारमा लागू हुन नसक्नु संरचनागत कमजोरी हो ।

श्रमसम्बन्धी सात वर्षअघिको सर्वेक्षणले झन्डै १० लाख ८२ हजार बालबालिका जोखिमयुक्त श्रममा रहेको देखाएको थियो । विद्यालयय भर्ना भएका बालबालिका बिचैमा पढाइ छाडेर श्रम बजार पुग्छन् । कक्षा १ मा भर्ना भएका १० लाख बालबालिकामध्ये कक्षा १० सम्म पुग्दा ४ लाख मात्र रहने गरेको अध्ययनले देखाउँछ । त्यसरी विद्यालय छोडेर जानेमध्ये ठुलो संख्या सामान्यदेखि जोखिमयुक्तसम्मका श्रम गर्न पुग्छन् । यस्तो समस्यामा स्थानीय तहलाई दिइने ३ लाख रूपैयाँको अनुदानले बालश्रममुक्त घोषणा गर्न सम्भव देखिँदैन, कागजी घोषणा गरिए पनि वास्तविक बालश्रम अन्त्य हुँदैन ।

राष्ट्रिय बालअधिकार परिषद्को प्रतिवेदनले तीनै तहका सरकार बालअधिकार कार्यान्वयनमा प्रभावकारी हुन नसकेको स्वीकार गरेको छ । यति गम्भीर समस्यालाई राज्यले अनदेखा गर्नु आफैंमा गम्भीर छ । बालश्रमलाई घोषणामा होइन, नतिजामा अन्त्य गर्नुपर्नेबेला आएको छ । त्यसका लागि स्थानीय तहमा बालसंरक्षण संयन्त्र सक्रिय र जवाफदेही बनाउने, विद्यालय छोड्ने दर घटाउने र जोखिममा रहेका परिवारलाई सामाजिक सुरक्षा दिने कार्यक्रम ल्याउनुपर्छ । त्यस्तै, जोखिमपूर्ण क्षेत्रमा नियमित निरीक्षण र कडाइका साथ बालश्रम रोक्नुपर्छ । साइबर र यौन शोषणबाट बालबालिका जोगाउन प्राविधिक निगरानी र उजुरी संयन्त्र विस्तार गर्नुपर्छ । यी सरोकार सम्बोधन हुन सक्दा मात्र बालश्रम अन्त्यको अभियान प्रभावकारी हुनेछ ।

# निर्वाहमुखी कृषि प्रणाली र परनिर्भरता

*सरकारले ल्याउने बजेटमा उल्लेख भएका विषयप्रति सकारात्मक हुन सकिन्छ तर कार्यान्वयनको पाटोमा भने शंका उत्पन्न हुन्छ । बजेटको आशयअनुरूप कृषिलाई बढवा दिने हो भने मात्रै कृषि क्षेत्रले मुलुकलाई सहयोग गर्न सक्छ ।*

अग्रलेख



● झलक शर्मा

कृषि उत्पादन मानिसको भोको पेटसँग जोडिएको अन्तर्वस्तु हो । यो विना मानिसको जीवन चल्न सक्दैन । तथापि नेपालमा कृषि पेसालाई पेसाकै रूपमा हेर्ने मानसिकता कमजोर रहेको छ । नेपाललाई कृषि प्रधान देशको रूपमा पनि चिनिन्छ । तर अधिकांश खाद्यान्न र अन्य वस्तुहरू छिमेकी राष्ट्र भारतसँग निर्भर रहनुपर्छ । नुनदेखि सुनसम्म अन्य राष्ट्रसँग परनिर्भरताले कृषि क्षेत्र कमजोर बन्दै गएको छ । कृषि उत्पादन बर्सेनि घट्दै गएको छ । कृषि पेसामा संलग्न व्यक्ति परिवारमा पनि सोहीअनुरूप घटिरहेको देखिन्छ । आयातित खाद्यान्नले नेपाली बजारलाई पूर्णरूपमा हस्तक्षेप गरेको छ । नेपालीहरूमा आफ्नै उत्पादनको उपयोग गर्नुभन्दा विदेशी वस्तुमा रमाउँदा वा चाख देखाउँदा परनिर्भरता बढ्दै गएको छ । यसले गर्दा हाम्रो उत्पादन र श्रम खेर फालिरहेको तितो यथार्थ हामी सामु रहेको छ । राज्यले पनि कृषि क्षेत्रलाई उपेक्षामा राख्दा झन् कृषि क्षेत्रको योगदान ओझेलमा परेको छ । कृषि क्षेत्रलाई सधैं उपेक्षामा राख्ने हो भने मुलुक कहिल्यै पनि समृद्ध बन्न सक्दैन । पछौटेपना र परनिर्भरताको सिकार बन्न पुग्छ ।

आजभोलि कृषि क्षेत्रमा लाग्ने किसानलाई राज्यको तर्फबाट संरक्षणको खाँचो रहेको छ । अहोरात्र कृषि पेसामा खट्दा किसानको जीवनस्तर अगाडी बढ्न नसक्नु एउटा चिन्ताको विषय बनेको छ । कृषिप्रति आम नागरिकको बढ्दो विकर्षण र आधारभूत खाद्यवस्तुमा परनिर्भरता रहनु नेपालीहरूका लागि विडम्बनाको विषय हो । देशको कुल जनसंख्याको करिब आधा जनसंख्या ५० दशमलव १ प्रतिशत कृषि पेसामा संलग्न रहेका छन् भने कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५ दशमलव १६ प्रतिशत रहेको छ । नेपालको अर्थतन्त्रको महत्वपूर्ण मेरुदण्डका रूपमा कृषि क्षेत्रलाई हेरिनुपर्ने हुन्छ ।

अबका दिनमा किसानको पीडामा मलम लगाउन राज्यले ध्यान दिनु अपरिहार्य रहेको छ । कृषिबाट नै मनग्य आम्दानी गराउने रणनीति बुनी समग्र देशको अर्थतन्त्र उकास्न सरकार तल्लीन हुनुपर्छ । नेपालमा ग्रामीण भेगका जग्गाजमिन बाँझो छन् भने सहरी क्षेत्रमा भने अत्यधिक जमिन दोहन भएको छ । जमिनको खण्डीकरण, घडेरीकरणले उपत्यकाको जग्गा कृषिमा प्रयोग गर्न सकिएको छैन । अर्थात् कृषियोग्य जमिन गैरकृषि प्रयोग भइरहेको छ । कृषियोग्य भूमिको खोजी त्यसको नियमन र नियन्त्रणमा सरकारले चासो दिएको देखिँदैन । किसानले उत्पादन गरेको कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी उत्पादित वस्तुको सरकारले नै खरिदको सुनिश्चितता गर्ने व्यवस्था गर्नुपर्छ । किसानलाई बिउ, मल, रासायनिक औषधिको आपूर्तिमा सहजता र सहुलियत गराई कृषिजन्य आधुनिकयन्त्र, उपकरण प्रविधि प्रयोगमा प्रोत्साहन गर्नु जरुरी छ । कृषि उत्पादकत्व बढाउन सिँचाइको व्यवस्था गर्ने, नयाँ सिँचाई आयोजनाहरूको निर्माणमा जोड दिनुपर्छ । जलवायु परिवर्तन तथा विपद्जन्य जोखिमबाट हुने क्षतिलाई कम गर्न जलवायु अनुकुलनताको वातावरण तय गर्न सबै पक्षको तादाम्यता जरुरी छ । कृषि उपजको ढुवानी, भण्डारण, प्रशोधन तथा बजारीकरणको व्यवस्था गरी किसानलाई अधिकतम लाभ प्राप्त गर्ने वातावरण सरकारले निर्माण गर्नुपर्दछ । कृषकले उत्पादन गरेको वस्तुको ब्राण्डिङ गरी निर्यात व्यापारमा पहुँच पुर्‍याउन सरकारले मध्यस्थताको भूमिका खेल्नुपर्छ ।

त्यस्तै, तिनै तहका सरकारद्वारा प्रदान गरिने विविध प्रकृतिका कृषक हित एवं प्रोत्साहन कार्यक्रममा कृषकको पहुँच पुगेको छैन ।




यस्ता प्रकृतिका कार्यक्रमहरूमा सरकारमा आसीन दलका कार्यकर्ता तथा यही कार्यक्रम सञ्चालन गर्ने तालुक एवं मातहतका कर्मचारीका नातेदारहरूले लाभ लिने गरेका छन् । कृषकले सरकारद्वारा प्रदान गर्ने लाभबाट विमुख हुनु पर्ने, लाभ लिन अनेक झमेला बेहोर्नुपर्ने बाध्यता छ । कतिपय अवस्थामा सरकारले पूर्णरूपमा कृषकलाई लाभ प्रदान गर्न चुकेको देखिन्छ । कृषक लाभ प्रदान गर्दा कृषि फर्मको दर्ता, नवीकरण आदि जस्ता प्रक्रिया पूरा गर्नुपर्ने सीमाले गर्दा फर्म स्थापना नगरेका तर कृषिमा नै जीवन बिताएका कृषकले यस्ता सेवा प्राप्त गर्न वञ्चित हुनु परेको छ । कृषकलाई यस्ता प्रशासनिक प्रक्रियाबारे जानकारी भएको देखिँदैन । कृषि उत्पादनले बजार नपाउनु तर कृषकले उत्पादन गरेका तरकारी फलफूलहरूमा बिचौलियाको हालीमुहाली हुने गरेको छ । जसले गर्दा कृषकले आफ्नो उत्पादनको बजार मूल्य प्राप्त गर्न असमर्थ हुने गरेका छन् । बेलाबखतमा किसानले विरोध स्वरूप तरकारी, दूध सडकमा फालेर, पोखेर सरकारको ध्यानाकर्षण गराएता पनि सरकार भने यस प्रति कानमा तेल हालेर बसेको देखिन्छ ।

कृषिलाई पर्यटन र पर्यावरण प्रवर्धनमा जोड दिई लाभको वितरण कृषक एवं स्थानीय समुदायलाई प्रदान गर्नु पर्दछ । कृषि उत्पादनलाई उद्योगसँग मिलान गराई कच्चा पदार्थको प्रशोधनमा जोड दिनुपर्दछ । कृषि अनुसन्धानसम्बन्धी संघसंस्था क्रियाशील बनाई अधिकतम उत्पादनमा जोड दिने प्रक्रियाअगाडि बढाउनुपर्छ । कृषक लाभमा समन्यायिकता, सन्तुलित व्यवहार राज्यबाट हुनुपर्छ । समयमा नै कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी कृषक ठगिने अवस्थाबाट रोक्नु पर्दछ । स्थानीय स्तरमा कृषिसम्बन्धी तालिममा कृषकलाई मात्र सहभागी गराउने व्यवस्था स्थानीय सरकारबाट हुनुपर्दछ । कृषकलाई बजारसम्म आफ्नो उत्पादन पुर्‍याउन निःशुल्क ढुवानी, कृषि बिमाको व्यवस्था गरिनु पर्दछ । भू-बनोटअनुसार कृषि खेती गर्ने नीति राज्यले तय गर्नुपर्दछ । कृषिमा नै रोजगारीको अवसर सिर्जना गर्ने प्रकृतिको

*नेपालमा ग्रामीण भेगका जग्गाजमिनहरू बाँझा छन् भने सहरी क्षेत्रमा भने अत्यधिक जमिन दोहन भएको छ । जमिनको खण्डीकरण, घडेरीकरणले उपत्यकाको जग्गा कृषिमा प्रयोग गर्न सकिएको छैन । कृषियोग्य भूमिको खोजी त्यसको नियमन र नियन्त्रणमा सरकारले चासो दिएको देखिँदैन ।*

कृषि उद्यम गर्नु र गराउन लगाउनु आजको आवश्यकता हो । सबै प्रकृतिको श्रमको सम्मान गरी कृषिमा श्रम गर्नेहरूको पारिश्रमिकमा समयसापेक्ष बनाउने गरी कृषकलाई उत्साहित गराउनुपर्छ । कृषि बजार सुदृढ गरी युवालाई कृषिमा आकर्षित गर्नु पर्दछ ।

हालको बजेटमा बाली लगाउने समयभन्दा १५ दिनअगावै धान, मकै, गहुँ, उखु, कफीलगायतका उत्पादनको समर्थन मूल्य तोक्ने उल्लेख छ । यी वस्तुको बजार अभाव भएको अवस्थामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरिद गर्ने व्यवस्था मिलाउने विषय समावेश गरिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कृषि तथा पशुपालनतर्फ २१ सुपर जोन र २०६ जोनमा सिँचाइ, मल, बिउ र प्रविधिका लागी पुँजीगत अनुदान तथा सहुलियत उपलब्ध गराउने प्रतिबद्धता रहेको छ । माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवर्धन गर्न घुम्ती टोलीमार्फत माटो परीक्षण शिविर सञ्चालन गरिने जनाइएको छ । स्थानीय तथा रैथाने बिउ बालीको खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ भनी बजेटमा उल्लेख गरिएको छ । यसरी हेर्दा, सरकारले ल्याउने बजेटमा उल्लेख भएका विषयप्रति सकारात्मक हुन सकिन्छ तर कार्यान्वयनको पाटो भने शंका उत्पन्न हुन्छ । बजेटको आशयअनुरूप कृषिलाई बढवा दिने हो भने कृषि क्षेत्रले मुलुकलाई समृद्ध तुल्याउन सकिन्छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट नेपालीको जीवनस्तर सुधार गर्नु आजको आवश्यकता हो ।

## इतिहासमा आज

१ डिसेम्बर २००९ मा लिस्बनको सन्धिमा २७ इयु सदस्य राष्ट्रहरूले हस्ताक्षर गरे र १ डिसेम्बर २००९ मा लागू गरियो ।



१ डिसेम्बर २००६ मा दक्षिण अफ्रिकामा समलिंगी विवाहसम्बन्धी कानुन लागू भयो, जसले अफ्रिकी महादेशमा पहिलोपटक समलिंगी विवाहलाई वैधानिकता दियो ।



१ डिसेम्बर १९९७ मा भारतको बिहार राज्यमा, रणवीर सेनाले सिपिआई (एमएल) पार्टी एकताको गढ लक्ष्मणपुर-बाथेमा आक्रमण गर्‍यो, जसमा ६३ नागरिक मारिए ।



१ डिसेम्बर १९९१ मा युक्रेनी मतदाताहरूले सोभियत संघबाट स्वतन्त्रताका लागि जनमत संग्रहलाई भारी बहुमतले अनुमोदन गरे ।




# भारुण्ड पंक्षीको कथा र नेपाली कांग्रेस

विचार



● नारायणबहादुर बस्नेत

*नेपाली राजनीतिक दल भारुण्ड पंक्षीझैं देखिन थालेका छन्- पेट एउटै तर टाउका धेरै । देश एउटै हो, जनता एउटै हुन् तर नेताहरू आफ्नै-आफ्नै टाउकाबाट बिष खाँदै छन् । व्यक्तिगत स्वार्थ, अहंकार, वंशवाद र पदलोभले देशको साझा शरीरलाई कमजोर बनाइरहेको छ ।*

पञ्चतन्त्रको प्रसिद्ध कथा 'भारुण्ड पंक्षी' आजको नेपालको राजनीतिक यथार्थसँग आश्चर्यजनक रूपमा मिल्दोजुल्दो देखिन्छ । कथाअनुसार, जंगलमा बस्ने भारुण्ड पक्षीका दुई टाउका थिए तर पेट भने एउटै । जे टाउकाले खाए पनि अन्ततः एउटै पेटमा पुग्थ्यो । एक दिन पहिलो टाउकोले मिठो फल भेट्यो । दोस्रो टाउकोले पनि खाने इच्छा व्यक्त गर्‍यो तर पहिलो टाउकोले भन्यो- 'मैले खाए पनि तैंले खाए पनि एउटै पेटमा जाने हो, बरु यो बाँकी फल हाम्रो प्रियतमालाई दिइदिऔं ।' अन्ततः त्यो फल प्रियतमालाई दिइयो र उनले खुसी हुँदै पहिलो टाउकोलाई माया गरिन्, चुम्बन गरिन् । यही दृश्यले दोस्रो टाउकोको मन ईर्ष्याले भरियो- 'मलाई त माया दिइनन्' भन्ने पीडाले उसलाई पोल्न थाल्यो । अर्को दिन आहाराको खोजीमा निस्कँदा दोस्रो टाउकोले बिष भेट्यो । रिस र ईर्ष्याले उसले भन्न पुग्यो- 'अब यो बिष म खान्छु ।' पहिलो टाउकोले चेतावनी दियो- 'त्यो बिष खायौ भने पेटमा पुगेर दुवै मर्छौं ।' तर दुस्साहस र अन्धो स्वार्थले भरिएको दोस्रो टाउकोले चेतावनी नमानेर बिष खाइदियो । परिणामस्वरूप दुवै टाउकाले ज्यान गुमाए । यो कथा गहिरो प्रतीक हो- विभाजन, ईर्ष्या र स्वार्थले साझा अस्तित्वलाई कसरी नष्ट गर्छ भन्ने गम्भीर चेतावनी ।

आजका नेपाली राजनीतिक दल पनि उस्तै भारुण्ड पंक्षीझैं देखिन थालेका छन्- पेट एउटै तर टाउका धेरै । देश एउटै हो, जनता एउटै हुन्, तर नेताहरू आफ्नै-आफ्नै टाउकाबाट बिष खाँदैछन् । व्यक्तिगत स्वार्थ, अहंकार, वंशवाद र पदलोभले देशको साझा शरीरलाई कमजोर बनाइरहेको छ । परिणामस्वरूप जनता-देशकै वास्तविक पेट-दैनिक दबाब र निराशाले ग्रस्त छन् । यस्तो अवस्थाको सबैभन्दा स्पष्ट छायाँ अहिले नेपाली कांग्रेसभित्र प्रस्टसँग देखिन्छ ।

२०४८ सालदेखि सत्ताको स्वाद चाख्दै आएका नेताहरू यथास्थितिमा रमाइरहेका छन् । परिवर्तनको प्रसंग उठाउनासाथ उनीहरू सहजै जवाफ दिन्छन्- 'खान, बस्न, चल्न सबै भइरहेको छ, फेरि किन परिवर्तन चाहिन्छ ?' जनताको आशा, युवा पुस्ताको सपना र देशको भविष्यभन्दा उनीहरूको प्राथमिकता सत्ता-सुविधा र पदमोहमा सीमित भएको स्पष्ट देखिन्छ । उखान छ, 'जुन गोरुको सिङ छैन, उसको नाउँ तिखे ।' आज कांग्रेसभित्रका केही नेताहरूमा यही उखान ठ्याक्कै मेल खान्छ । प्रत्यक्ष निर्वाचनमा कहिल्यै जित्न नसकेका, जनतासँगको धरातल गुमाइसकेका ती पात्रहरू सामाजिक सञ्जालमा र अन्तर्वार्तामा परिवर्तन विरोधी धारणा फैलाइरहेका छन् ।

तर समय फेरिएको छ । जेनेरेसन जेटले भदौ २३ र २४ को आन्दोलनमार्फत स्पष्ट सन्देश दिइसकेको छ- अबको राजनीति युवा नेतृत्वमा हुनुपर्छ । फागुन २१ को निर्वाचनले त्यो सन्देशलाई औपचारिक रूप दिनुपर्छ । यद्यपि कांग्रेसभित्र अझै दुई धार मजबुत छन्- एकातिर पुरानो सोचमा अडिएको समूह, अर्कोतिर परिवर्तनको पक्षमा उभिएको गगनकुमार थापा र विश्वप्रकाश शर्माको युवा नेतृत्व समूह । युवापक्षले पार्टीलाई नयाँ युगतर्फ लैजाने इच्छाशक्ति देखाइरहे पनि संस्थापन पक्ष महाधिवेशनलाई निरन्तर ढिलो गर्ने रणनीतिमा अडिग छ । 'चुनावपछि हेर्छौं' भन्ने पुरानै बहाना दोहोरिरहेछ ।

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको मागसहित हस्ताक्षर बुझाइसकेका छन्, तर संस्थापन पक्षले त्यसलाई समेत आलटाल गरेर रोकेजस्तो व्यवहार गरिरहेको छ । यसले स्पष्ट संकेत गर्छ- नेपाली राजनीति अझै पनि दुई टाउकाको भारुण्ड पंक्षीझैं विष खाइरहेको छ । सुधार र नेतृत्व हस्तान्तरण समयमै हुन सकेन भने, एक टाउकोको स्वार्थी निर्णयले जस्तै, देश नामक पेट नै जोखिममा पर्ने अवस्था बन्दै गएको छ ।

इतिहासले पनि यस्तो चेतावनी दिइसकेको छ- सिक्किम भारतमा विलय हुँदा लोण्डुप दोर्जे नामक पात्रले आफ्नो स्वार्थका लागि देश बेचिदिएको थियो । आज नेपालमा पनि त्यही मानसिकताका पात्रहरू जन्मिइरहेका त होइनन् ? त्यसैले लोकतन्त्रलाई सुदृढ बनाउने, देशलाई जोगाउने र नेपाली कांग्रेसलाई पुनर्जीवित गर्ने मार्ग अहिले युवा नेतृत्वतर्फ मोडिएको छ ।

गगनकुमार थापा र विश्वप्रकाश शर्माले देखाइरहेको नयाँ सोच, निडर दृष्टिकोण र पारदर्शी राजनीतिक प्रतिबद्धताले कांग्रेसलाई पुनः जनता-केन्द्रित, कार्यकर्तामुखी र लोकतान्त्रिक बनाउने आधार निर्माण गर्नसक्छ । अब मूल प्रश्न उठ्छ- के हामी पुरानै बिष पिउँदै पतनतर्फ जानेछौं, कि नयाँ पुस्ताको नेतृत्व स्वीकार्दै स्वच्छ भविष्य रोज्नेछौं ? यो क्षण देश र कांग्रेस दुवैलाई नयाँ युगमा पुर्‍याउने निर्णायक घडी हो । पुरानो पुस्ता थाकिसक्यो, नयाँ पुस्ता तातिएको छ । यदि यसपटक कांग्रेसले 'नयाँ सोच, नयाँ पुस्ता, नयाँ विश्वास' लिएर अघि बढ्न सक्यो भने- देश बच्छ, लोकतन्त्र बलियो बन्छ र कांग्रेस फेरि जनताको पहिलो विश्वास बन्न सक्छ ।


## सामाजिक सञ्जाल



**चन्द्र भण्डारी**

मुलुक निर्णायक मोडमा छ । स्वार्थका घेरा तोडेर देशलाई प्राथमिकता दिन सकेनौं भने संकट छ । 'नेपाल पहिलो' भन्ने आवाज अब विकल्प होइन- आवश्यकता हो । मुलुकको विकास र संरक्षणको लागि बिपीको राष्ट्रिय मेलमिलापको नीति अहिले पनि सान्दर्भिक छ, समयअनुसारको बुझाइ फरक हुन सक्छ ।

पुलिस र निजामती कर्मचारीले राजनीति सुधार्थे भने 'सुरक्षा' र 'सेवा प्रवाह'को यस्तो हरिबिजोग किन हुन्थ्यो र ? अहिलेसम्म राजनीतिमा आएर ठुल्ठुला कुरा गर्नेहरूले हिजोको आफ्नै रहलपहल इज्जत पनि गुमेको देखी-देखी केको रहरले पार्टीका ढोका ढोका चहार्नुपरेको होला ?



**मुराराम खनाल**



**प्रेमकान्त अधिकारी**

अल्पमतमा परेकाहरूले बहुमत (५४ प्रतिशत) हस्ताक्षरलाई वास्ता नगरेर एजेन्डामा तत् विषयमा छलफल नै नगरी पेलेर जान खोजेर विधान पद्धति सम्मत हुन्छ र ? विधान पद्धतिलाई प्रजातान्त्रिक लोकतान्त्रिक संस्कार आचरण भएको पार्टीले सम्मान साथ अघि बढ्नुपर्ने हो । टुट्ने फुट्ने कुतर्क नगरौं ।

प्रचण्डलाई प्रधानमन्त्री बन्ने भए एकचोटि आफू जलाएको खरानीको टीका निधारमा लगाएर आऊ भन्यो भने 'ए हो र ?' भन्दै दुई चार माइल दौडिन बेर छैन । अनि उही प्रचण्डले भनेछन्- म देश बनाउन जेन्जीभन्दा फुर्तिलो छु । माते र पितेले मुखमा माम खुवाउने जेन्जीभन्दा प्रचण्ड फुर्तिलो हुनु स्वाभाविकै हो ।



**रञ्जित तामाङ**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# ७७ प्रतिशत एचआइभी संक्रमित मात्रै उपचारको दायरामा

**काठमाडौं/मस–** पछिल्लो एक तथ्यांकले नेपालमा अनुमानित कूल एचआइभी संक्रमितमध्ये ७७ प्रतिशत मात्र एन्टिरेट्रोभाइरल (एआरभी) उपचारमा रहेको देखाएको छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार नेपालमा हरेक दिन एक दशमलव सात जना व्यक्तिमा एचआइभी संक्रमण पुष्टि भएको छ ।

यसैगरी, सन् २०२४ को अन्त्यसम्म नेपालमा ३४ हजार ३३७ व्यक्तिमा एचआइभी संक्रमण भएको अनुमान छ । वयस्क जनसङ्ख्यामा शून्य दशमलव १३ प्रतिशत संक्रमण(प्रिभ्यालेन्स दर) रहेको छ ।

केन्द्रले सार्वजनिक गरेको 'एचआइभी फ्याक्ट सिट २०२५'का अनुसार सन् २०२४ को अन्त्यसम्ममा नेपालमा २६ हजार ३७२ संक्रमितहरुले एन्टिरेट्रोभाइरल (एआरभी) उपचार लिइरहेका छन् र अनुमानित कूल एचआइभीको संक्रमितमध्ये ७७ प्रतिशत एआरभी उपचाररत छन् ।

सन् २०२४ मा ६ सय १४ व्यक्तिमा एचआइभीको नयाँ संक्रमण भएको अनुमान गरिएको छ भने ५ सय ६९ व्यक्तिहरुको एड्सका कारणले मत्यु भएको अनुमान गरिएको छ । सो वर्षमा ३७ बच्चामा (०–१४ वर्ष) नयाँ संक्रमण भएको अनुमान गरिएको छ ।

नेपालमा एचआइभी संक्रमणको उच्च जोखिममा रहेका समूहहरु सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मीहरु, कारागारमा रहेका कैदी बन्दीहरु, पुरुष समलिंगी तथा तेस्रोलिंगी र रोजगारीका लागि विदेशीनेहरु छन् ।



नेपालमा सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५:९५ अर्थात् ९५ प्रतिशत एचआइभी संक्रमितले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ । सरकारले हाल ६४ जिल्लाका ९६ एआरटी केन्द्रहरुबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध गराउँदै आएको छ । देशका सबै जिल्लामा आमाबाट बच्चामा हुन संक्रमण रोकथाम (पिएमटीसिटी) सेवा, पिएमटीसिटी कार्यक्रमा सञ्चालनमा छ जसअन्तर्गत स्वास्थ्य संस्थामा गर्भवतीमा एचआइभी निःशुल्क जाँच सुविधा छ ।

विश्वमा एड्सको अवस्था सन् २०२४ को अन्त्यसम्म संसारमा चार करोड आठ लाख व्यक्तिमा एचआइभी असंक्रमण रहेको अनुमान छ । विश्वमा हरेक दिन तीन हजार ६ सय मानिस एचआइभी संक्रमित हुने गरेका छन् । यस वर्ष 'अवरोध पार गरौं, एड्स प्रतिकार्य रुपान्तरण गरौं' भन्ने नाराका साथ ३८औं विश्व एड्स दिवस मनाइँदैछ । हरेक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाइन्छ ।


## स्काई ब्रिज ओभरसिज प्रा. लि. को जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **स्काई ब्रिज ओभरसिज प्रा. लि.** (श्रम इजाजत पत्र नं.११६६/०७३/०७४) को नाममा केहि व्यक्तिहरुले उपत्यका बाहिर शाखा कार्यालयको ठेगाना राखी बदनियत ढंगबाट वैदेशिक रोजगारका लागि विभिन्न मुलूक पठाउने भनि पासपोर्ट र रकम संकलन गरेको सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि को आधिकारिक कार्यालय सिनामंगल ०९, काठमाडौं बाहेक अन्यत्र कहिं कतै शाखा र सम्पर्क कार्यालय नभएको र एजेन्टहरु समेत नभएको यसै सूचनाद्वारा जानकारी गराईन्छ । यस प्रा.लि. बाट गरिने वैदेशिक रोजगार सम्बन्धी कार्य यस प्रा.लि.को केन्द्रीय कार्यालय र आधिकारिक व्यक्ति बाहेक अन्यत्र गरिएको आर्थिक कारोवारमा यस प्रा.लि जिम्मेवार नरहने यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**स्काई ब्रिज ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ११६६/०७३/०७४
फोन नं.: ०१४४८८७७४, काठमाडौं, नेपाल
Email: skybridgeoverseas2017@gmail.com, सम्पर्क नं. : 9813022647


# Ramdhuni Municipality
# Office of Municipal Executive
### Jhumka, Sunsari,
### Koshi Province, Nepal

## Invitation for Sealed Quotation

**Date of first publication: 2082/08/15**

1. The Ramdhuni Municipality, Office of the Municipal Executive invites sealed quotations from Nepalese Eligible Bidders / Suppliers for works/ goods mentioned below.

| S. N. | Contract Identification No. | Description of Items | Estimated Amount (with VAT and PS) | Bid Security Amount NRs | Cost of Bid Document NRS |
|---|---|---|---|---|---|
| 1. | RMY/ SQ/04/082/083 | Supply and Delivery of Stationery - Masland Related Goods | …………………. | 50,000/- | 1000.00 |
| 2. | RMY/ SQ/05/082/083 | Wada karyalaya Agadi Naalako Dhakan Tatha Parking, Rajaji Gramthan Mandir Nirman Compound wall Gherabera Ra Gate Nirman Atraha Basaha Sunsari, Wada Karyalaya Bhawan Marmat Sambhar, shib Mandir Sanrachanatmak Sudhar Regmi Tol , Wada No 8 | NRs.17,73,457.15 | 45,000/- | |
| 3. | RMY/ SQ/06/082/083 | Wada karyalay bhawan purwadhar nirman wada no 9 | NRs.9,78,164.58 | 25,000/- | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents from *PPMO website www.bolpatra.gov.np*.

2. Bids must be submitted electronically before 12:00 Noon on 2082/09/01 only through e-GP system i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
   Name of the Bank: NIC Asia Bank, Jhumka    Name of Office: Ramdhuni Municipality
   Office Code no: 801011406    Office Account no: 0892050027908002
   Account Name: GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2082/09/01 at 1:00 P.M. at the office of Ramdhuni Municipality, Jhumka, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as specified above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 75 days).
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**BagamatiProvince Government**

# Ministry of Social Development
# Social Development Office, Lalitpur

## Invitation for Bids

**Date of publication: 2082/08/15 (1st December 2025)**

1. Social Development Office, Lalitpur invites only electronic bids from eligible bidders for the construction of works as mentioned below. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP systemwww.bolpatra.gov.np/egp.
2. Information to deposit the cost of bidding document in Bank: Nepal Bank Limited, Gabahal, Lalitpur Office Code no.: 3500134023Rajaswa (revenue)no.14229, Revenue Account No. 27202000001001000001
3. Pre-bid meeting- 2082/09/06 ( 13.00 hours), Last date of Bid Submission - 2082/09/16( 12.00 hours), Bid opening Date - 2082/09/16 ( 13.00 hours) at the officeLalitpur.

| S.N | Description of Work and Contract No. | Estimate Amount With Vat &PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | Building Construction of Kalidevi Secondary School, Tarkeshwor -2, Kathmandu SDOLALITPUR/NCB/01/2082-83 | 79,60,050.04 | 1,75,000 | 3,000 |
| 2 | Building Construction of Khwopa College, Dekocha, Bhaktapur SDOLALITPUR/ NCB/02/2082-83 | 1,19,39,335.57 | 2,70,000 | 3,000 |
| 3 | Building Construction of Tara Secondary School, Bhaktapur-04, Bhaktapur SDOLALITPUR/NCB/03/2082-83 | 61,90,936.10 | 1,40,000 | 3,000 |
| 4 | Building Construction OfGyanodaya Basic School, Tarkeshwor-2, Kathmandu SDOLALITPUR/NCB/04/2082-83 | 44,21,811.06 | 1,00,000 | 3,000 |
| 5 | Building Construction OfPhutung Secondary School, Tarkeshwor-7, KathmanduSDOLALITPUR/NCB/05/2082-83 | 44,21,166.20 | 1,00,000 | 3,000 |
| 6 | Upgradation of Physical Infrastructure Mansingh Dharma Secondry School Tarkeshwor,-10, Kathmandu. SDOLALITPUR/NCB/06/2082-83 | 44,22,202.14 | 1,00,000 | 3,000 |
| 7 | Construction of Toilet and Maintenance of Hall at Ganesh Secondary School, Changunarayan-05, Bhaktapur SDOLALITPUR/NCB/07/2082-83 | 20,63,767.60 | 55,000 | 3,000 |


## साउदीमा रोजगार

कम्पनी: AL BABUNG LAND SPORTS COMPANY, ONE PERSON NON-PROFIT PRIVATE LIMITED शहर: AL DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०८/१४ चलानी नं.: ६०२४८००६ L.T. No.: 334243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 2 | 0 | स. काममा दक्ष | 1200 | ४५,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**टि. जि. एल. नेपाल प्रा. लि.** श्रम इजाजत नं. ८५३/०६६/०६७
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोनः ५९०६२५२ फ्याक्सः ५९०६२५३

## साउदीमा रोजगार

कम्पनीः DANA MOHAMMAD NASSER AL-DOSARI BLACK SMITH WORKSHOP शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/१४ चलानी नं.: ६०२४८०३२ L.T. No.: 334467

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 8 | 0 | स. काममा दक्ष | 1000 | ३८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं. ९२५/०६७/०६८
Pingalasthan-08 , Gaushala , Kathmandu. फोनः ४४७०७७८, ४४८८८७९, फ्याक्स नंः ४४६०३५८
Email: gorkhanepalservices925@gmail.com | URL: www.gorkhanepalservices.com

## साइप्रसमा रोजगार

कम्पनी : COSTAS THEODOROU शहरः CYPRUS,LARNACA
पूर्व स्वीकृत मितिः २०८२/०४/१८ चलानी नं.: ६०२४२२८० LT. No.: 328358 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Employee | 0 | 1 | स. काममा दक्ष | 700 | ११५,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COSTAS THEODOROU शहरः CYPRUS,LARNACA
पूर्व स्वीकृत मितिः २०८२/०४/२० चलानी नं.: ६०२४२५९१ LT. No.: 328495 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Employee | 0 | 20 | स. काममा दक्ष | 700 | ११५,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROTARY OVERSEAS PVT. LTD.** Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## कुवेतमा रोजगार

कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO. शहर : KUEAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/०७ चलानी नं.: ६०२४१४८९ LT. No.:327625 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PLUMBER | 20 | 0 | स. काममा दक्ष | 130 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २७ गते (13 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता सि.पि. होटल, ब्रितामोडमा २०८२ मंसिर २८ गते (14 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय, जनकपुरमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**VARSHA MANPOWER PVT. LTD.** Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044.
Email: info@varshanepal.comWebsite: www.varshanepal.com

## युएईमा रोजगार

कम्पनीः GARDINIA BUILDING CONTRACTING L.L.C शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ चलानी नं.: ६०२४२५३३ LT. No.: 328596 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 177 | 0 | स. काममा दक्ष | 1000 | ३८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता जनकपुरमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता नेपालगञ्जमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता कपिलबस्तुमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता बिर्तामोडमा २०८२ मंसिर २४ गते (10 December 2025) मा हुनेछ ।**

**यसै कम्पनीको लागि** Helper, Helper - Fire Fighting TechnicianII., Steel Fixer, Mason -Block, Carpenter, Scaffolder, Mason -Plaster, Plumber, Electrician - Substation - Cabling & Termination Up To 11KV Cable, Pipe Fitter- CHW, Pipe Fitter - Fire Fighting, Technician - Fire Fighting, Insulator, Technician Duct Cladding, Technician - Elv, Ductman - AC, Technician - Fire Sealant, Technician - Fire Alarm, Technician - Fire Alarm & Emergency, Technician - AC, Rope Technician - Electrician, Rope Technician - Electrician III, Chargehand - Plumbing, Chargehand - Chw Pipe Fitter, Chargehand - Ducting, Chargehand Fire Alarm, Chargehand - Elv, Chargehand - Fire Fighting, Chargehand - Cladding, Foreman - Electrical, Foreman - Elv, Foreman - Plumbing, Foreman - AC, Foreman - Ducting, Foreman HVACV **को पनि माग भएकोले इच्छुक व्यक्तिहरुले निःशुल्क परामर्शको लागि मेनपावर कार्यालयामा सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.** Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## साउदीमा रोजगार

कम्पनी : GIANT ENERGY COMPANY शहर : SAUDI,RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/१४ चलानी नं.: ६०२४७९८४ LT. No.: 334463

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper (Kitchen Cleaners) | 25 | 0 | स. काममा दक्ष | 1200 | ४५,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAHRA TWAYAQ COMPANY शहरः SAUDI,RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/१४ चलानी नं.: ६०२४७९८४ LT. No.: 334358

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Commis3, 2/ Assistant | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Staff | 5 | 0 | | 1000 | ३८,०८० | | | | | | | |

कम्पनी : BAHRAIN INTERNATIONAL TRADING AND CONTRACTING COMPANY शहरः SAUDI,RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/१४ चलानी नं.: ६०२४७९८६ LT. No.: 334359

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing Worker (Semi Skilled) | 2 | 0 | | 1000 | ३८,०८० | | | | | | | |
| 3. | Warehouse Worker (Forklift Operator) | 3 | 0 | | 1000 | ३८,०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २२ गते (8 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STAR BRIDGE H.R. SOLUTION PVT.LTD.** Lic. No: 1592/079/080
Samakhushi, Town Planning-26, Kathmandu, Nepal, Tel. No.: +977-01-5919160
E-mail: starbridgehrsolution124@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१५ मंसिर २०८२ सोमबार
1 December 2025 Monday

# बनेपा–हेटौंडा बस सञ्चालनमा आएपछि आवागमन सहजता



**काभ्रेपलाञ्चोक/मस–** काभ्रेपलाञ्चोकको मुख्य व्यापारिक नगर बनेपाबाट बागमती प्रदेशको राजधानी हेटौंडासम्म बस सेवा सञ्चालन गरेपछि यात्रुलाई सहजता भएको छ। योसँगै बनेपाबाट हेटौंडासम्म जानका लागि विभिन्न मार्ग हुँदै घुमाउँरो सडकबाट जानुपर्ने बाध्यतासमेत हटेको छ।

जिल्लावासीको मागलाई ध्यानमा राखी काभ्रे-पुन्यवती यातायात प्रालि पनौतीले यही मंसिर १ गतेदेखि बस सेवा सञ्चालन गरेको हो। बनेपा-हेटौंडा करिब एक सय १० किलोमिटर लम्बाइको दूरीमा अधिकांश सडक कच्ची छन्। यो सेवा प्रभावकारी देखिएपछि बस थप्ने योजना बनाइएको प्रालिले जनाएको छ।

स्थानीयवासीको माग र वडा कार्यालयको सिफारिसपछि सञ्चालनमा आएको उक्त क्यूबसले बनेपाबाट पनौती हुँदै धुंखर्क, च्याम्प्राङबेंसी, सुकमफेदी, सिलिडे, हुचिटार, बेतीनी, साइटार, फापरवारी, हात्तीसड, फर्केचौर, छतिउन, चिसापानी हुँदै हेटौंडासम्म नियमित सेवा दिँदै आएको बेथानचोक गाउँपालिका-१ का वडाध्यक्ष मधुसुधन तिमल्सिना जानकारी दिए।

उक्त यातायात प्रालिलाई पत्र पठाएर बस सञ्चालनका लागि सहयोग गर्न अनुरोध गरेपछि बनेपा-हेटौंडा सेवा सञ्चालनमा ल्याइएको हो। 'प्रालिले सेवाको आवश्यकता र प्रभावकारिता हेर्दै आगामी पुसदेखि बस थप्ने योजना बनाएको छ,' उनले भने।

वडाध्यक्ष तिमल्सिनाका अनुसार बागमती प्रदेशअन्तर्गतको चितवनस्थित नारायणी यातायात सेवाले समेत बनेपा-हेटौंडा खण्डमा थप बस सेवा सञ्चालन गर्न प्रक्रिया थालेको छ। जिल्लाका जनप्रतिनिधिले सम्बन्धित निकायलाई उक्त खण्डमा अनुमति दिनेलगायत आवश्यक प्रक्रिया पूरा गरिदिन आग्रह गर्दै आएका छन्।

यसैबीच, बस सेवा सञ्चालन गरेसँगै प्रदेश राजधानीमा कार्यालय, व्यापारिक तथा व्यक्तिगत कामका लागि यात्रा गर्न सहज भएको स्थानीय बताउँछन्। च्याम्प्राङबेंसीलाई केन्द्र मानेर सञ्चालनमा आएको यो बस सेवाले काभ्रेपलाञ्चोक र हेटौंडाबीचको आवतजावत सहज बनाएको च्याम्प्राङ्बेँसीका सन्तोष दाहालले बताए। उनले भने,'यसअघि, च्याम्प्राङ्बेंसीबाट हेटौंडा जान चारवटासम्म यातायात फेर्नुपर्ने बाध्यता थियो। यसले समय र खर्च पनि बढी लाग्थ्यो। अहिले बससेवा सञ्चालनपछि आवागमन सहज हुनुका साथै समय र खर्चको बचत भएको छ।'

# ८ महिनाकी गर्भवतीलाई पेट्रोल छर्केर लगाइयो आगो, उपचारका क्रममा मृत्यु



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १४ मंसिर

आफ्नै श्रीमानले पेट्रोल छर्केर आगो लगाइदिएपछि घाइते भएकी रुकुम पश्चिम बाँफिकोट गाउँपालिका-१, लागिमकी १९ वर्षीय निर्मला खड्काको मृत्यु भएको छ।

कात्तिक २० गते भएको उक्त घटनापछि गम्भीर घाइते बनेकी निर्मलाको उपचारका क्रममा मंसिर ९ गते कीर्तिपुर बर्न अस्पतालमा मृत्यु भएको परिवारले जनाएको छ। निर्मला ८ महिनाकी गर्भवती थिइन्। गर्भस्थ शिशुसहित उनको निधनपछि स्थानीयवासी र माइती पक्ष शोक र आक्रोशमा छन्।

रुकुम पूर्व सिस्ने गाउँपालिका-३, पाङ्गा माइतीघर भएकी निर्मलामाथि हिंसा भएदेखि नै परिवारले कानुनी कदमको अपेक्षा गरे पनि घटनापछिका प्रारम्भिक दिनमा आरोपीलाई पक्राउ नगरिएको माइती पक्षको गुनासो थियो। उल्टै घटनालाई मिलाउन खोजिएको आरोपसमेत उनीहरूले लगाएका थिए।

स्थानीयवासीका अनुसार यस्ता गम्भीर घटना बारम्बार दोहोरिँदै जाँदा पनि दोषीहरू प्रायः जोगिनु नै प्रचलनजस्तै बनेको छ। महिला हिंसा विरुद्धका कार्यक्रम व्यवहारमा प्रभावकारी नभएकाले पीडितले न्याय पाउन कठिन हुने परिस्थितिबारे उनीहरूले चिन्ता व्यक्त गरेका छन्।

न्यायको माग गर्दै माइती पक्षले दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन दबाब बढाएको छ। दोषीविरुद्ध कडा कारबाही अघि नबढाइए शव नउठाउने अडान उनीहरूले राखेका छन्।

उता, जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी तथा प्रहरी निरीक्षक हरिप्रसाद पुनका अनुसार जय हमाललाई मंसिर १२ गते पक्राउ गरी हिरासतमा राखिएको छ। घटनासम्बन्धी थप अनुसन्धान भइरहेको उनले जानकारी दिए।

## Sudurpaschim Province Government
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
# Infrastructure Development Office
## Kailali

# Invitation for Bid

**Date of Publication: 2082/08/15 (1st Dec, 2025)**

1. Infrastructure Development Office, Kailali invites Electronic NCB Bids for the Projects given in the table below.

| S. N. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Including VAT & PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOKAILALI/W/NCB/82/83-01 | Construction of Different 3 Roads in Dhangadhi Sub - Metropolitan City ward no -01, Kailali (Package-1) | 10,622,881.56 | 265000.00 | 120 days | 3,000.00 |
| 2 | IDOKAILALI/W/NCB/82/83-02 | Construction of Different 3 Roads in Dhangadhi Sub - Metropolitan City ward no -01, Kailali (package-2) | 9,009,283.71 | 226000.00 | 120 days | 3,000.00 |
| 3 | IDOKAILALI/W/NCB/82/83-03 | Construction of Different 6 Roads in Dhangadhi Sub - Metropolitan City ward no -02, Kailali | 17,013,439.51 | 426000.00 | 120 days | 3,000.00 |
| 4 | IDOKAILALI/W/NCB/82/83-04 | Construction of Different 4 Roads in Dhangadhi Sub - Metropolitan City ward no -3, Kailali (Package-1) | 13,113,649.69 | 328000.00 | 120 days | 3,000.00 |
| 5 | IDOKAILALI/W/NCB/82/83-05 | Construction and Upgrading of Different 7 Roads in Bardagoriya 5 and 6, Kailali | 19,481,225.89 | 488000.00 | 120 days | 3,000.00 |
